नेपाल सरकार

## उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

## नेपाल औषधी लिमिटेडको

## महाप्रवन्धक नियुक्तिका लागि गठित छनौट तथा सिफारिस समितिको दरखास्त आव्हान सम्बन्धी सूचना

**प्रकाशित मितिः २०७९/११/०१**

नेपाल औषधी लिमिटेडको रिक्त महाप्रवन्धक पदमा खुला प्रतिस्पर्धात्मक प्रतियोगिताद्वारा नियुक्ति गर्नुपर्ने भएकोले देहायको योग्यता भएका नेपाली नागरिकहरूवाट यो सूचना प्रकाशन भएको मितिले २१(एकाइस) दिन कार्यालय समयभित्र यस मन्त्रालयको सरकारी उद्योग तथा संस्थान शाखा, सिंहदरवार, काठमाडौमा आवेदन दिन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**१. योग्यता तथा अनुभवः**

(क) नेपालको नागरिक भएको।

(ख) सम्बन्धित सार्वजनिक निकायको कार्य प्रकृतिसँग सम्बन्धित जनस्वास्थ्य, फार्मेशी विषय वा प्रशासन, व्यवस्थापन, अर्थशास्त्र, इञ्जिनियरिङ्ग वा कानूनमा मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातकोत्तर तह उत्तीर्ण गरेको र कुनै संस्था वा निकायको व्यवस्थापकीय जिम्मेवारीको पदमा कम्तीमा पाँच वर्षको कार्य अनुभव भएको,

(ग) उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सम्बद्ध सार्वजनिक निकायमा पदाधिकारी नियुक्ति तथा मनोनयन सम्बन्धी निर्देशिका, २०७८ को दफा ४ बमोजिम अयोग्य नरहेको।

(घ) दरखास्त दिने अन्तिम मितिसम्म ३५ वर्ष उमेर पुगेको र ६५ वर्ष ननाघेको।

**२. निवेदकले दरखास्तसाथ पेश गर्नुपर्ने कागजातहरुः**

(क) दरखास्तसाथ यस मन्त्रालयको वेबसाइट www.moics.gov.np मा प्रकाशित उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सम्बद्ध सार्वजनिक निकायमा पदाधिकारी नियुक्ति तथा मनोनयन सम्बन्धी निर्देशिका, २०७८ को अनुसूची-२ बमोजिमको ढाँचामा दुई प्रति पासपोर्ट साइजको फोटो, शैक्षिक योग्यता, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि व्यक्तिगत विवरण र अनुभव सम्बन्धमा सम्बन्धित निकायको प्रमाणित कागजातका प्रतिलिपिहरूलाई उम्मेदवार स्वयंले प्रमाणित गरी पेश गर्नुपर्नेछ।

(ख) अनुभवको विवरण पेश गर्दा काम गरेको संस्थाको नाम, काम गरेको कूल समयावधि (वर्ष, महिना, दिन समेत) खुलाई सो स्वयंले प्रमाणित गरी पेश गर्नुपर्ने छ।

(ग) दरतास्तसाथ उम्मेदवारले नेपाल औषधी लिमिटेडको सुसञ्चालनका लागि बढीमा पाँच हजार शब्दको व्यावसायिक कार्ययोजना २ (दुई) प्रति एउटै खाममा सिलबन्दी गरी पेश गर्नुपर्नेछ। व्यावसायिक कार्ययोजना A4 साइजको सादा सेतो कागजमा एकापट्टी मात्र टाइप गरिएको हुनुपर्नेछ। व्यावसायिक कार्ययोजना नेपाली वा अंग्रेजी भाषामा लेख्न सकिनेछ। कार्ययोजनाको अग्रपृष्ठमा (Cover Page) मा बाहेक अन्य पृष्ठमा आफ्नो नाम, हस्ताक्षर वा अन्य कुनै संकेत राख्न पाईने छैन।

**३. व्यावसायिक कार्य योजनाको प्रस्तुतीकरण तथा अन्तर्वार्ताः**

दरखास्त स्वीकृत भई छनौट सूचीमा परेका उम्मेदवारले आफूले पेश गरेको व्यावसायिक कार्ययोजना प्रस्तुति तथा अन्तर्वार्ताको लागि तोकिएको स्थान, मिति र समयमा सहभागि हुनुपर्नेछ।

**४. दरखास्त दस्तुरः**

दरखास्त दस्तुरबापत यस मन्त्रालयको कार्यालय कोड नं. 307003501 राजस्व खाता नं. 00100106200000 राजश्व शीर्षक १४२२४ मा जम्मा हुने गरी एभरेष्ट बैंक लि. सिंहदरबार शाखामा रु. ५०००/- (अक्षरेपी पाँच हजार मात्र) बुझाएको सक्कलै भौचर पेश गर्नुपर्नेछ।

**५. पारिश्रमिक तथा अन्य सुविधा :-** पारिश्रमिकको हकमा नेपाल सरकारको विशिष्ठ श्रेणी वा सो सरहको शुरु तलवस्केल सरह तथा अन्य सुविधा सम्वन्धित संस्थाको नियमानुसार हुनेछ।

**६. अन्य विवरणः**

(क) यो सूचना बमोजिम रितपूर्वक हुन नआएका दरखास्तहरू छनौट तथा सिफारिस समितिबाट अस्वीकृत हुनेछ।

(ख) सरकारी निकाय वा संस्थानमा सेवारत आवेदकको हकमा दरखास्तसाथ कार्यरत निकायबाट स्वीकृति प्रदान गरिएको पत्र पेश गर्नुपर्नेछ।

(ग) आवेदकले झुट्टा विवरण वा कागजात पेश गरेको पाइएमा जुनसुकै बखत आवेदन रद्ध हुनुका साथै प्रचलित कानून बमोजिम कारवाही हुनेछ।

(घ) यस सम्बन्धी थप जानकारीका लागि यस मन्यालयको वेबसाइट www.moics.gov.np वा मन्त्रालयको सरकारी उद्योग तथा संस्थान शाखाको फोन नं ०१-४२११६७१ मा सम्पर्क गर्न सकिनेछ।